नेपाल गजेट

भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुण २० गते २०१४ साल

गृहसचिवालयका सूचना

२०१४ साल चैत्र मसान्त सम्मका पर्ने आउने निम्न लेखिएबमोजिम सार्वजनिक विदाहरू पाउने सरकारबाट १४।११।१६ मा निर्णय भएकोले यो सूचना प्रकाशित गरिएको छ।

१. हरेक शनिवार:- संस्कृत तर्फका पाठशाला स्कूल कलेज बाहेक - १
२. चैत्र दशैं दिन — — १
३. रामनवमी दिन — — १
४. काठमाडौं उपत्यका श्री ५ महाराजाधिराजबाट खुलाइ हुने दिन र मोफसल मा फाल्गुन पूर्णिमा दिन — १
५. घोडेजात्रा — — १
६. २०१४ साल चैत्र मसान्त सम्मका पर्ने प्रतिपदा दिन १ अष्टमी दिन १ पूर्णिमा दिन आधा अमावास्य दिन आधा संस्कृत स्कूल पाठशाला कालेजलाई विदा:—

E26

आधिकारिकेता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. अंग्रेजी कालेज स्कूललाई हरेक शुक्रवार १ बजे देखि बिदा-
८. कन्यापाठशाला स्कूल कालेजलाई फाल्गुन द्वादशी देखि पूर्णिमा तक बिदा-

सरकारका आज्ञाले-
लक्ष्मीनाथ,
का॰ मु॰ सेक्रटरी-गृहसचिवालय.

गृहसचिवालयको सूचना

यस सचिवालय न्याय शाखाका डे. से. श्रीसन्तबहादुरजी कार्य शीघ्रकारक समितिका सेक्रटरीमा सरुवा भै खाली हुन आएको स्थानमा यस सचिवालयका श्री अ. से. कुलप्रसाद कर्माचार्य का. मु. डे. से॰ भई कार्यभार सम्हाल्नु भएको छ।

सरकारका आज्ञाले—
लक्ष्मीनाथ,
का. मु. सेक्रटरी—गृहसचिवालय.

गृह सचिवालयको विज्ञप्ति

निम्नलेखिएबमोजिम सरुवा चेन्ज गर्ने ०१४।११।१४।३ मा सरकारबाट निर्णय भएको छ।

१. सप्तरी गोस्वाराको अ॰ सुब्बा खाडीमा विरगंज गोस्वाराबाट अ॰ सुब्बा भगीरथ उपाध्याय सरुवा।

२. विरगंज गोस्वाराको अ॰ सुब्बामा गृहसचिवालयमा जगेडामा रहेको क॰ प॰ रूद्रबहादुर पाँडे सरुवा।

सरकारका आज्ञाले-
लक्ष्मीनाथ,
का, मु. सेक्रेटरी-गृहसचिवालय.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।